आज मिति २०७८ साल कार्तिक ७ गतेका दिन यस रत्ननगर नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री नारायण व
अध्यक्षतामा एवं तपशिल बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा बसी निम्न प्रस्ताव माथि छलफल गरी निर्णय ग
उपस्थिति :

| क.सं. | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री नारायण वन | |
| २ | नगर उपप्रमुख | श्री बिमला देवी दुवाडी | |
| ३ | वडा अध्यक्ष वडा नं. १ | श्री शंकर सिं तमाङ्ग | |
| ४ | वडा अध्यक्ष वडा नं. २ | श्री तिलक राज पौडेल | |
| ५ | वडा अध्यक्ष वडा नं. ३ | श्री गुप्तनाथ भट्टराई | |
| ६ | वडा अध्यक्ष वडा नं. ४ | श्री रबिन्द्र चौधरी | |
| ७ | वडा अध्यक्ष वडा नं. ५ | श्री कृष्ण महतो | |
| ८ | वडा अध्यक्ष वडा नं. ६ | श्री बलराम दाहाल | |
| ९ | वडा अध्यक्ष वडा नं. ७ | श्री लाल बहादुर भट्ट | |
| १० | वडा अध्यक्ष वडा नं. ८ | श्री बिनोद बस्नेत | |
| ११ | वडा अध्यक्ष वडा नं. ९ | श्री रोशन आचार्य | |
| १२ | वडा अध्यक्ष वडा नं. १० | श्री केशब आचार्य | |
| १३ | वडा अध्यक्ष वडा नं. ११ | श्री शशी भक्त न्यौपाने | |
| १४ | वडा अध्यक्ष वडा नं. १२ | श्री बीर बहादुर पाखिन | |
| १५ | वडा अध्यक्ष वडा नं. १३ | श्री चित्र बहादुर भण्डारी | |
| १६ | वडा अध्यक्ष वडा नं. १४ | श्री ~~हरी कुमार श्रेष्ठ~~ मुकुन्दराज अधिकारी | |
| १७ | वडा अध्यक्ष वडा नं. १५ | श्री हुमनाथ लामिछाने | |
| १८ | वडा अध्यक्ष वडा नं. १६ | श्री हेमराज थापा | |
| १९ | कार्यपालिका सदस्य | श्री राजेन्द्र परीयार हमाल | |
| २० | कार्यपालिका सदस्य | श्री मिना गिरी | |
| २१ | कार्यपालिका सदस्य | श्री भोला देवी गौडेल | |
| २२ | कार्यपालिका सदस्य | श्री सरस्वति लामा | |
| २३ | कार्यपालिका सदस्य | श्री निर्मला कुमारी खड्का | |
| २४ | कार्यपालिका सदस्य | श्री रिता बि.क. | |
| २५ | कार्यपालिका सदस्य | श्री कृष्ण हरी परीयार | |
| २६ | कार्यपालिका सदस्य | श्री मन कुमारी बि.क. | |
| २७ | सचिव ~~नि.प्र.~~ प्र.अ. | श्री ~~नारायण शर्मा~~ युधिष्ठिर पौडेल | |

अन्य उपस्थिती :

लेखा अधिकृत श्री कृष्ण प्रसाद सुवेदी

अधिकृत छैठौं श्री अर्जुन पगेनी

श्री स्वस्तिका अर्याल

श्री उर्मिला तमाङ्ग दाहाल

(ई.) श्री चिरञ्जीवी पौडेल

**निर्णय नं. १:**
मिति २०७८ असोज ३१ गतेदेखि परेको अविरल वर्षातको कारण धान बाली डुवान भई क्षति पुगे कृषकहरुलाई वडा समितिको सिफारिसको आधारमा प्रति कट्ठा रु. ५००।- (पाँच सय) का दरले राह उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २:**
वडा नं. ६, सौराहा स्थित राप्ती किनारमा ड्याक निर्माण गर्न विविध आकस्मिक पूर्वाधार शिर्षकबा रु. १३,३४,०००।- (तेह्र लाख चौतिस हजार) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:**
शान्तिकुञ्ज सामाजिक उद्यमी महिला सहकारी संस्था लि. रत्ननगर १२ को प्रस्तावना अनुसार कृ च्यवनप्रास बनाउन ५०% लागत साझेदारी गर्ने गरी रु. १,२५,०००।-(एक लाख पच्चीस हजार विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:**
वडा नं. ३ को शान्तिचोक लगायत क्षेत्रमा वर्षातको कारणले सडकमा खाल्टाखुल्टी भई आवागमनम समस्या भएको हुँदा पुर्नको लागि आवश्यक ५०(पचास) ट्रेलर ग्रावेल कयरखोलाबाट उत्खनन गर्न अनुमती दिने निर्णय गरियो ।

**निर्णय नं. ५:**
वडा नं. ४ को आधारभूत स्वास्थ्य केन्द्र परिसरमा ग्रावेलिङ्ग गर्दा भएको खर्च रकम रु. ६३,०००।- (त्रिसट्ठी हजार) नगर विशेष कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ६:**
तराई मधेस समृद्धि कार्यक्रमबाट वडा नं. ७ मा मुसहरको आवास निर्माण गर्न रु. ४०,००,०००।- (चालिस लाख) विनियोजन भएकोमा उपभोक्ता समितिबाट योजना संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७:**
संघ तथा प्रदेश स्तरीय वजेटबाट निर्माण हुने पुर्वाधार विकासका योजनाहरुको प्रगति न्यून रहेको पाईएकोले सिघ्र कार्यान्वयन गर्न सम्बन्धित कार्यालयलाई पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८:**
करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी, २०७७ को दफा ४ को उपदफा ३ निम्न वमोजिम हुने गरी संसोधन गर्ने निर्णय गरियो ।
उपदफा २ वमोजिम पर्न आएका आवेदन मध्येबाट निम्न वमोजिम परीक्षा संचालन गरिनेछ ।

**क. कार्यालय सहयोगी वा सो सरहको लागि**
१. शैक्षिक योग्यता वापत ६० अंक (आवश्यक न्यूनतम योग्यता वापत)
२. अनुभव वापत १० अंक (प्रति वर्षको २ अंकको दरले)
३. स्थानीय वासिन्दा १० अंक (न.पा. भित्रको १०, अन्य ५)
४. अन्तरवार्ता वापत २० अंक

**ख. अन्य पदको लागि**
१. सूचिकरण वापत ३० अंक
२. लिखित परीक्षाको अंकभार ५० अंक (लो.से.आ.को पाठ्यक्रम अनुसार)
३. अन्तरर्वाता वापत २० अंक

उपदफा १ वमोजिम सूचिकरण गर्दा निम्न अनुसार अंक प्रदान गरिनेछ ।

१. शैक्षिक योग्यता वापत २० अंक (प्रथम श्रेणी - २०, द्धितिय श्रेणी - १८, तृतीय श्रेणी - १६ अंक

२. अनुभव वापत ५ अंक (प्रति वर्षको १ अंकको दरले)

३. स्थानीय वासिन्दा ५ अंक (न.पा. भित्रको ५ अंक, अन्य २ अंक)

निर्णय नं. ९:

यस नगरपालिकाभित्र वसोवास गर्ने कोभिड-१९ को कारण मृत्यु भएका नागरिकको घर परिवारल रु. १५,०००।- (पन्ध्र हजार) राहत उपलब्ध गराउने निर्णय गरियो ।